# आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

## विहादी गाउँपालिका

**वहाकीठाँटी, पर्वत**

**गण्डकी प्रदेश, नेपाल**

## मिति २०७७ साल असार १० गते

**विहादी गाउँपालिकाको सम्मानित छैठौं गाउँसभाका आदरणीय सदस्यज्युहरु, उपस्थित महानुभावहरु, कर्मचारी तथा पत्रकार मित्रहरु,**

**बिहादी गाउँ पालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।**

नोवेल कोरोना भाइरस (कोभिड-१९) बाट सृजित विश्वव्यापी महामारीको असहज र चुनौतिपूर्ण अवस्थामा आज विहादी गाउँपालिकाको छैठौं गाउँसभामा आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा विहादी गाउँपालिकाको तर्फबाट यहाँहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यस महत्तवपूर्ण अवसरमा नेपालको अग्रगामी, आमुल तथा युगान्तकारी परिवर्तनका साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न समयमा भएका बलिदानीपूर्ण संघर्ष, ऐतिहासिक जनआन्दोलन लगायत अन्य सवै आन्दोलनहरुमा शाहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात—अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विहादी गाउँपालिकाको समग्र विकासको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुको अमूल्य योगदानको स्मरण गर्न चाहन्छु।

कोभिड—१९को महामारीबाट स्वदेश तथा विदेशमा संक्रमित भई जीवन गुमाउनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनहरु प्रति गहिरो समवेदना व्यक्त गर्दछु। साथै स्वदेश तथा विदेशमा संक्रमित भई उपचाररत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस संकटपूर्ण घडीमा महामारीको रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउन तथा निर्देशनहरुको पूर्ण पालना गर्नुहुने सम्पूर्ण विहादीवासी दिदीबहिनी तथा दाजुभाईहरु, अहोरात्र खटिनुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, शिक्षक, अत्यावश्यक सेवा सहज बनाउन योगदान गर्ने व्यक्ति तथा संघ संस्थाहरुको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु। विहादी गाउँपालिकाले स्थापना गरेको राहत कोषमा स्वैच्छिक रुपमा योगदान गर्नुहुने कर्मचारी, शिक्षक, राजनीतिक दल र अन्य व्यक्ति तथा संघ संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

आदरणीय सदस्यज्युहरु,

स्थानीय सरकारको रुपमा तिन वर्षको छोटो अवधि उपलब्धीपूर्ण र उत्साहवर्द्धक रहेको अनुभुति गरेको छु। यद्यपि कोभिड—१९को संक्रमणबाट फैलिएको महामारीले समृद्ध, सवल र सुन्दर विहादी निर्माण गर्ने कार्यमा केहि अवरोध खडा भयतापनि कोरोना भाइरसलाई परास्त गरी आर्थिक—सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पुर्वाधार विकास, वातावरण संरक्षण र सुशासनका माध्यमबाट समुन्नत विहादीको पहिचान स्थापित गर्न स्थानीय सरकार दृढ संकल्पित रहेको छ। यस कार्यका लागि सम्पूर्ण जनप्रतिनिधि साथीहरु, राजनीतिक दल, कर्मचारी, शिक्षक, समाजसेवी, बुद्दिजिवि, साझेदार, सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ संस्था, सञ्चारकर्मी तथा सम्पूर्ण वुवाआमा, दिदीबहिनी तथा दाजुभाईहरुबाट रचनात्मक सुझाव तथा मार्गदर्शन, थप सहयोग हौसला र खबरदारीको समेत अपेक्षा गर्दछु।

नेपालको संविधानले प्रत्याभुत गरेका अधिकारहरुको उच्चतम अभ्यास गर्दै विहादीलाई आर्थिकरुपले सम्पन्न, भौतिक रुपले व्यवस्थित, लैङ्गिकरुपले महिला मैत्रि, बालमैत्री, भिन्न क्षमता, सामाजिक रुपले समावेशी, सहभागितात्मक, समतामुलक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित, शैक्षिक, प्रशासनिक र पर्यटकीय स्थानको रुपमा विकसित गर्दै विहादीलाई नमूना गाउँको रुपमा रुपान्तरण गर्ने प्रतिवद्दता पनि व्यक्त गर्न चाहन्छु।

प्रचलित कानुनको अधिनमा रहि सार्वजनिक सेवा प्रदान गर्नुभएका राष्ट्रसेवक कर्मचारीहरुप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्न सम्पूर्ण कर्मचारीहरुलाई उत्प्रेरित हुन अपिल गर्दछु।

**आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम देहाय बमोजिमका कुराहरुको मार्गदर्शन तथा आधारमा तयार गरिएको छ :**

- नेपालको संविधान २०७२ को मर्म तथा भावना
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- दिगो विकास लक्ष्य
- पन्ध्रौं आवधिक योजना
- विहादी गाउँकार्यपालिका तथा गाउँसभाबाट पारित ऐन, नियमावली तथा कार्यविधिहरु
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
- आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४
- प्रचलित कानुनी आधारहरु तथा मापदण्ड
- संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम
- जनअपेक्षा, आवश्यकता र सम्भाव्यता अध्ययन

आदरणीय सदस्यज्युहरु,

स्रोत र साधनको अधिकतम उपयोग गरी जनताहरुको उच्च विकासको अपेक्षा, न्यून स्थानीय आम्दानीका स्रोत, भौगोलिक कठिनाईका बाबजुत नागरिकका असीमित आकांक्षाहरुलाई सम्बोधन गर्दै स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित तीव्र गतिमा अगाडि बढिरहेको अवस्थामा कोभिड १९ को महामारीले हाम्रा गतिविधिहरु प्रभावित भएका छन्। तथापि हामीले हाम्रो धरातल र गन्तव्य विर्सिएका छैनौं ।यस विषम परिस्थितिमा स्थानीय सरकारले हासिल गरेका केहि महत्तवपूर्ण उपलब्धिहरु यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

- राजनीतिक र प्रशासनिक संयन्त्र संस्थागत भएको छ।
- लोकसेवा आयोगबाट कर्मचारीको पदपुर्ति, सभाहल तथा वडा कार्यालयहरुको भवन निर्माण जस्ता कार्यहरुले जनतालाई प्रदान गर्ने सेवाहरुमा प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि भएको छ।
- सामुदायिक विद्यालयहरुमा प्राथमिक तहमा अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन, के.जी. कक्षा सञ्चालन, दिवा खाजा जस्ता कार्यक्रमहरुले बालबालिकाहरुको शैक्षिक पहुँचमा वृद्धि भएको छ।
- सवै तहका अधिकांश विद्यालयहरुमा भवन शौचालय, खानेपानि, ICT Lab विज्ञान प्रयोगशाला, पुस्तकालय लगायतका पुर्वाधारहरुको निर्माण गरिएको छ र कतिपयमा सम्पन्न हुने क्रममा रहेका छन।
- सवै सामुदायिक विद्यालयका किशोरावस्थाका छात्राहरुलाइ निशुल्क सेनीटरी प्याड उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएकोछ ।
- प्रत्येक वडाहरुभित्र गुणस्तरीय सडक सञ्जालको विकास भएको छ।
- भौगोलिक रुपले असहज वार्डहरु ५ नं. को गेप्पाङमा सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण गरी सेवा सञ्चालन र वडा नं. ६ शालिग्राममा भवन लगायतका पूर्वाधार स्थापना सहित बर्थिङ्ग सेन्टर सञ्चालनमा रहेको छ भने वडा नं. १ को बाच्छामा सामुदायिक स्वास्थ्य इकाइ एवं बर्थिङ्ग सेन्टर भवन निर्माण कार्य सम्पन्न भइ यसै आर्थिक वर्षको शुरुबाट सेवा सञ्चालनमा आउनेछ।
- ३ नं. वडा रानीपानी स्थित विहादी स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा सञ्चालनमा आएको छ साथै एम्बुलेन्स लाइ मर्मत गरी एम्बुलेन्स सेवा लाइ ब्यवस्थापन गरिएको छ।

- १, ४, ५, नं. वडाहरुमा बाह्य खोप केन्द्र भवनको निर्माण र सवै वडाको बाह्य खोप केन्द्रहरुमा फर्निचर ब्यवस्थापन भएकोछ ।
- एक घर एक टनेल कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याइएको तथा तरकारी खेतिमा पालिकालाइ आत्मनिर्भर बनाउन कृषकहरुलाइ प्रोत्साहन गरिएकोछ, साथै मौरीपालक कृषकहरुको लागि आधुनिक मौरिघार अनुदानमा वितरण गरिएकोछ ।
- सवै वडाहरुमा नर्सरी सञ्चालन गरि विउविजन तथा विरुवाहरु वितरण गरिएको, भकारो सुधार कार्यक्रमलाइ माग र निर्माणको आधारमा अनुदान उपलब्ध गराइएकोछ ।
- उन्नत जातका पशुपन्छी पालन र ब्यावसायिक पशुपन्छी कृषकलाइ प्रोत्साहन गर्न अनुदान कार्यक्रम सञ्चालन गरिएकोछ ।
- सवै वडाका गौरवका सडक योजनाहरुको डि. पी. आर. सम्पन्न भएकोछ ।
- सवै वडाका जेष्ठ नागरिकहरुलाइ सम्मान कार्यक्रम सम्पन्न गरिएकोछ ।
- २ नं. वडा बर्राचौरमा औधोगिक ग्राम स्थापनाका लागि पूर्वाधार तयार गर्ने क्रममा रहेकोछ ।
- बाच्छा, उराम र शालिग्राममा होमस्टेहरु स्थापना भइ सञ्चालनमा आएकाछन् ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा रहेकोछ ।
- रानीपानी प्रहरी चौकी भवन निर्माण प्रक्रियामा रहेकोछ ।
- अरेवा लिफ्ट खानेपानी योजना रानीपानी, रुम्टा लिफ्ट खानेपानी योजना रानीपानी, शालिग्राम लिफ्ट खानेपानी योजना शालिग्राम, ज्याङदी खोला लिफ्ट खानेपानी योजना शालिग्राम संचालनमा रहेकाछन् ।

आदरणीय सदस्य ज्यूहरु,

**"कृषि पशु उर्जा पर्यटन, सामाजिक विकास सहितको सुशासन, विहादीको मुख्य पहिचान"** भन्ने मुल नारालाइ साकार पार्न विषयगत रुपमा निम्न नितिहरु अबलम्बन गरिने छ ।

**आर्थिक विकास** :

- कृषिको विविधीकरण, व्यवसायीकरणको लागि कार्यक्रमहरु, आधुनिकीकरण, यान्त्रिकीकरण, दिदै आएको अनुदानलाई संचालन गरिनेछ । यस वर्ष पनि कृषि सामग्री तथा कार्यक्रममा निरन्तरता दिइनेछ ।
- कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यवसायिक खेती प्रणाली अवलम्बन गरिनेछ । माटो परिक्षणका आधारमा पकेट क्षेत्र तथा कृषि व्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्ने कार्यको शुभारम्भ भएको अवस्थामा यसलाई प्रभावकारी बनाउँदै लगिनेछ ।
- व्यवसायिक खेति तर्फ उत्प्रेरणा जगाउन कृषि प्रबिधि तथा कृषि बिमा सम्बन्धि ज्ञान दिन वडा स्तरीय कृषि तालिम संचालन गरि कृषक सचेतना कार्यक्रम अगाडी बढाइनेछ ।
- निर्वाहमुखी खेतीलाई व्यवसायिक तर्फ उन्मुख गराउन कृषकको ज्ञान, शिप र दक्षता अभिबृद्धि गराउन मागमा आधारित तालिम समेत संचालनमा ल्याइनेछ ।
- एक वडा एक नर्सरी, एक घर एक टनेल तथा एक घर एक मौरीघार कार्यक्रमलाइ अनुदान तथा साझेदारीमा यस वर्ष पनि निरन्तरता दिइनेछ साथै सिंचाइको पहुँच नभएको ठाउँमा प्लास्टिक पोखरी निर्माण गरिनेछ ।
- मूत्र बाट खेरजाने पोषकतत्वलाई बचाउन र गुणस्तर बृद्धि गर्न यस वर्ष पनि भकारो सुधार कार्यक्रम, प्राङ्गारिक मल तथा स्थानिय जैविक विषादी उत्पादन कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।
- कृषि पेशालाइ आकर्षित र मर्यादित वनाउन उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

- कृषि बजार ब्यबस्थापन तथा कृषि उपज हाटबजार स्टल निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ । कृषि सहकारीसंगको साझेदारीमा कृषि उपज संकलन तथा बिक्रि वितरण केन्द्र स्थापना गर्ने व्यवस्था मिलाई उत्पादक किसानलाई प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक पशुपालन, मौरीपालन, माछापालन, मासु उत्पादन, दुग्ध तथा पोल्ट्रिजन्य बस्तुको उत्पादनलाइ प्रोत्साहन गरी आत्मनिर्भरता तर्फ उन्मुख गराइनेछ । कृत्रिम गर्भाधान तथा प्राकृतिक नस्ल सुधार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडास्तरमा दुग्ध चिस्यान केन्द्र स्थापना तथा दुध ढुवानीको लागि मिल्क क्यानको व्यवस्था गरिनेछ ।
- एक वडा एक पशुपंक्षी नमुना मोडेल फार्म स्थापना र पालिका स्तरिय एक पशुपंक्षी नमुना फार्म स्थापना गरिनेछ । पशुपंक्षीको रोग रोकथाम र उपचारमा सहजता पुर्याउन औषधीको तथा भ्याक्सिनको सहज ढँगले उपलब्ध गराइनेछ ।
- सहकारी समुहहरु मार्फत सामुहिक खेति तथा पशुपालन प्रणालिलाई प्रोत्साहन गरिनेछ ।
- श्रमिकहरुको श्रमको सम्मान गर्दै उचित ज्यालादर निर्धारण गरिनेछ । स्थानीय स्रोत साधनको उच्चतम उपयोग गर्दै स्वरोजगारमुलक सीप विकास सम्बन्धी तालिम संचालन गरि दिगो र भरपर्दो आय आर्जनको श्रोत सुनिश्चितताका लागि समुचित अनुदानको व्यवस्था गरिनेछ।
- अनुपस्थित भू-स्वामित्व तथा खेतीयोग्य जमिनलाई बाझो राख्ने प्रवृतिको अन्त्यका लागि पहल गरिनेछ । बैज्ञानिक भू-उपयोग नीति बनाउन सुरुवात गरिनेछ ।
- कृषि तथा वन नर्सरीको विस्तार गरि जडिबुटि खेतिको सम्भाब्यता अध्ययन गरि जडीबुटी खेतिलाई प्रोत्साहन गरिनेछ । वन संरक्षण तथा वन व्यवस्थापन संबन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- पर्यटन मार्फत आर्थिक विकासका लागि धार्मिक तथा पर्यटकिय क्षेत्रको पहिचान, संरक्षण र विकासमा जोड दिइनेछ । शालिग्राम शिला लगायतका धार्मिक क्षेत्रहरुलाई संरक्षण गरी धार्मिक तथा पर्यटकिय पहिचान स्थापिन गर्दै नयाँ पर्यटकिय गन्तब्यको खोजिलाइ निरन्तरता दिन पर्यटन गुरुयोजना तयार गरिनेछ ।
- पर्यटकीय भ्यु-टावर निर्माण तथा Paragliding को संम्भाव्यता अध्ययन गरिनेछ ।
- घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिईनेछ । लघु उद्यम सम्बन्धी आवधिक योजना अनुरुप कार्यक्रम संचालन गरिनेछ ।
- सहकारीलाई प्रभाबकारी नियमन तथा उचित व्यवस्थापन गर्दै कृषि तथा पशुपंक्षी विकास लगायतका क्षेत्रमा साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- उत्तर दक्षिण लोकमार्ग अन्तर्गत सेतिबेनी रानीपानी सडकखण्ड कालोपत्रेका लागि बजेट बिनियोजन भैसकेको र रानीपानी बराचौर बाच्छा फलेबास कुश्मा खण्डमा सडक विस्तार तथा ग्रावेलको काम भैरहेको ,चिसापानी वहाकी वर्राचौर सडक कालोपत्रे तथा स्तरोन्नतिको कम भैरहेकोमा विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारणले हुन गएको ढिला सुस्तिलाइ आगामि दिनमा प्रभावकारी र तिव्र रुपमा अगाडि बढाउन प्रदेश तथा संघिय सरकारसंग समन्वय तथा सहकार्यमा आवश्यक पहल कदमी अगाडी बढाइनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई सडक स्तरोन्नति तथा आय आर्जनका कार्यक्रममा सहभागी गराउदै उक्त कार्यक्रमलाई प्रभाबकारी बनाइने छ ।

**सामाजिक विकास :**

- बालविकास सहजकर्तालाई बालमनोविज्ञान तथा क्षमताविकास सम्बन्धी तलिम दिई सक्षम बनाउनुका साथै बालशिक्षालाई सुविधा सम्पन्न तथा अनिवार्य गरिनेछ ।
- पूर्व प्राथमिक शिक्षालाई प्रभावकारी बनाउन कक्षा १ र बालविकास केन्द्रको विचमा के जि कक्षा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाइ प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत तह (कक्षा १-५) सम्म दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ साथै माथिल्ला कक्षाहरुमा दिवा खाजा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- आवश्यकता पहिचान गरी विद्यालयहरुमा भवन, शौचालय, खानेपानि, ICT Lab विज्ञान प्रयोगशाला, पुस्तकालय लगायतका पुर्वाधारहरुको निर्माण कार्यलाइ निरन्तरता दिइने छ ।
- शिक्षा सम्बन्धि चेतना विकास तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय समायोजन एवम् एकीकरण कार्यविधी २०७७ बमोजिम विद्यालयको समायोजन गर्ने प्रकृया अगाडि बढाइने छ । साथै विगत देखी थाति रहेको दरवन्दी मिलान प्रकृया समेत अगाडी बढाईनेछ ।
- गाउँपालिकाले सञ्चालन गर्दै आएको सिकाई उपलब्धी मापन परीक्षा, अतिरिक्त क्रियाकलाप तथा प्रतिभा पहिचान कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयको शैक्षिक गतिविधीमा एकरुपता कायम गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षाक कर्मचारी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि तथा राज्यकोषबाट पारिश्रमिक लिने सम्पूर्ण पदाधिकारीहरुका छोराछोरिहरुलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने नीति अबलम्बन गरिनेछ ।
- विद्यालय अनुगमन तथा सुपरिवेक्षणलाइ प्रभावकारी बनाइने छ ।
- विषयगत शिक्षक तालिम, पुनर्ताजकी तालिम, ICT तालिम, लेखा ब्यवस्थापन तथा IEMIS र प्र.अ. हरुलाई विद्यालय व्यवस्थापन तालिम सञ्चालन गरीनेछ ।
- प्र.अ. लाई संस्थाप्रति अझै जिम्मेवार बनाउन कार्यसम्पादन करार सम्झौता गर्ने तथा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, विद्यार्थी एवम् वि.व्य.स. पदाधिकारी र अभिभावकहरुलाई पुरस्कृत गरिनेछ ।
- पहिलो चरणमा माद्यमिक तहका विद्यालयहरुमा वायोमेट्रिक हाजिरी जडानलाई विस्तार गरिनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ ।
- कक्षा ६ - १२ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका सवै छात्राहरुलाई निशुल्क सेनिटरी प्याडको व्यवस्था गरिनेछ, साथै उचित विसर्जनको ब्यवस्थापन मिलाइने छ ।
- विश्वव्यापी महामारी (Covid-19) का कारण हुन गएके शैक्षिक क्षति न्युनिकरण गर्न अतिरिक्त कक्षाहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रलाई थप व्यवस्थित बनाई विविध किसिमका कार्यक्रमहरु गर्नका लागि प्रोत्साहित गरिनेछ ।
- आधारभूत तह उमेर समुहका सम्पूर्ण बालबालिकालाई विद्यालय पहुँचमा सुनिश्चितता गर्दै निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यन्वयन गरिनेछ ।
- प्राथमिक तहमा गणित तथा विज्ञान विषायलाई अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- शिक्षक तथा विद्यार्थी डायरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- गरिव ,विपन्न तथा असहाय विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्न निश्चित कोष स्थापना गरी कार्यक्रमलाइ प्रभावकारी बनाइनुका साथै विद्यालय पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुको लगत संकलन गरी विद्यालय शिक्षाको पहुँच भित्र ल्याउने प्रकृया अगाडि बढाइनेछ।
- विद्यालयको शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्न सरोकारवालाहरु, विज्ञ तथा उत्कृष्ठ नमूना विद्यालयहरु सँगको अन्तर्कृया, छलफल कार्यक्रम सञ्चालन गरिनुका साथै विद्यालय अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाईनेछ।
- विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि पालिका स्तरीय तथा वार्ड स्तरीय संयन्त्र परिचालन गरिने छ। उक्त कार्यका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, लगायत सबै निकाय र समुदायको सहभागितामुलक जिम्मेवारी र भुमिका वाडफाड गरिनेछ।
- सुरक्षा सामग्री, औषधि लगायत आवश्यक सामग्रीको ब्यवस्थापन गरि स्वास्थयकर्मीहरुको मनोबल उच्च गर्न कोरोना भाइरसको संक्रमण नियन्नरणका लागि खटिने स्वास्थ्यकर्मीहरुलाइ स्वास्थ्य मन्त्रालयको प्रोटकल अनुसार प्रोत्साहन तथा उत्प्रेरणा प्रदान गरिनेछ।
- स्वस्थ्य सेवामा सबै नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्न आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन गरिनेछ।
- प्राथमिक स्वास्थ्य सेवा सहज रुपमा नागरिक सम्म पुर्याउनका लागि आ.ब. ०७६/०७७ मा पूर्वाधार लगायतका काम सम्पन्न गरि यसै आ.ब. देखि बाच्छामा बर्थिङ्ग सेन्टर र सामुदायिक स्वास्थ्य इकाइ संचालनमा ल्याइनेछ।
- घरमै हुने प्रसुतीलाई निरुत्साहित गर्दै आमा र शिशुको स्वास्थ्यमा प्रवर्धन गर्न पूर्ण सस्थागत प्रसुती कार्यक्रमलाई प्रोत्साहित गरिने छ। स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति हुने सुत्केरी महिलालाई पोषण कार्यक्रम संचालन गरिने छ। स्वास्थ्य संस्थामा सुत्केरी भएका सबै महिलाहरुको PNC Visit लाइ प्रभावकारी र अनिवार्य रुपमा सञ्चालन गरिनेछ।
- खोप पाउने बालबालिकाहरुको नैसर्गिक अधिकारलाई आत्मसात गर्दै पूर्णखोप सुनिश्चित पालिका निरन्तरता कायम राखिनेछ।
- स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीलाई नेपाल सरकारको मापदण्ड अनुसार प्रदान गरिने सबै प्रकारका औषधिहरुको आपुर्ति बाह्रै महिना सुनिश्चित गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य सेवामा प्रोत्साहित गरि सेवा संचालनमा आकर्षण गराइनेछ।
- स्वास्थ्य कर्मीहरुको लागि क्षमता तथा दक्षता विकासको लागि आवश्यक पहल र समन्वय गरिनेछ। अत्यावश्यक स्वास्थ्य सेवा संचालनका लागि सिपमुलक तालिम प्रदान गर्न आवश्यक पहल गरिनेछ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी गराइने छ भने गाउँपालिका तथा अन्य संघ संस्थाको समन्वय तथा सहकार्यमा विभिन्न विशेषज्ञ शिविरहरु संचालन गरिनेछ।
- पोषण मैत्री स्वास्थ्य संस्था सञ्चालन गर्ने निति अबलम्बन गरिने छ साथै सबै स्वास्थ्य संस्थाहरुमा पोषण कर्नर स्थापना कार्यलाई निरन्तरता दिइनेछ।
- सञ्चालनमा रहेको एम्बुलेन्स एवम् प्रयोगशाला सेवालाइ प्रभावकारी बनाइ निरन्तरता दिइने छ साथै आगामि दिनहरुमा अन्य संस्थाहरुमा सेवा विस्तार गर्ने निति अबलम्बन गिरनेछ।
- एक घर एक धारा कार्यक्रम मार्फत खानेपानी उपलव्ध गराउने कार्यक्रमलाई प्राथमिकतामा साथ संचालन एवम् निरन्तरता दिइनेछ।
- एक वडा एक पोखरी निर्माण गरी भूक्षय नियन्त्रण तथा खानेपानी मूल संरक्षण गर्ने नितिलाइ निरन्तरता दिइने छ।
- आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्नका लागि महिलाहरुलाई समुहमा आवद्ध गराई बचत गर्ने बानीको विकास गरिनेछ। महिला समुहहरुको संस्थागत विकासका लागि मागमा आधारित सिप तथा व्यवसायिक तालिम संचालन गरि सामाजिक रुपमा सशक्तिकरण गर्न नेतृत्व तथा क्षमता विकास कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

- महिला हिंसा, दुर्व्यवहारका घटना तथा महिला माथि गरिने लैङ्गिक विभेद निवारण सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- अपांगता भएका नागरिकहरुलाई सिपमुलक तालिम संचालन गरि स्वावलम्बी बनाउन आवश्यक पहल कदमी गरिनेछ।
- समाजको सम्मानित हिस्साको रुपमा रहेका जेष्ठ नागरिकहरुको मनोवल उच्च राख्न र बृद्ध नागरिकहरु प्रति सम्मानजनक व्यवहार र प्रोत्साहन गर्न जेष्ठ नागरिक दिवस तथा सम्मान कार्यक्रम लाइ निरन्तरता दिइनेछ।
- जातिगत भाषा, सस्कृति एवं सुयोग्य संस्कारको प्रवर्द्धन गरिनेछ र जातिय संस्कारका रुपमा महोत्सव, नाच, पर्व आदीको उचित संरक्षण एंव प्रवर्द्धन गरिनेछ।
- पर्यटन विकासका लागि गाउँपालिका क्षेत्र भित्रका धार्मिक, ऐतिहासिक, तथा पुरातात्वीक संपदाहरुको पहिचान विकास तथा व्यवस्थापनमा जोड दिने नीति अवलंबन गरिनेछ।
- छापकोट कालिका मन्दिर, सेतिवेणी शिला शालिग्राम, शिवपुरीधाम मन्दिर, लुङरिङकोट दरवार उराम, गौरादेवी मन्दिर, रम्भादेवी मन्दिर वहाकी, शिवगुफा दरवार, रास्कोट खड्क मन्दिर रानीपानी, शितलगुफा वर्राचौर, बच्छेश्वर मन्दिर, बच्छेश्वर गुफा बाच्छा जस्ता धार्मिक तथा पर्यटकीय सम्भावना बोकेका स्थानहरुको संरक्षण, पहिचान र विकास र प्रचारप्रसारमा जोड दिदै आन्तरिक धार्मिक पर्यटनको गन्तब्य स्थलको रुपमा विकास गर्दै लगिने छ।
- पर्यटकिय संभावना भएका र ग्रामिण क्षेत्रभित्र संचालनमा आएका होम स्टे अझ प्रभावकारी र ब्यवस्थित रुपमा सञ्चालन गर्न प्रोत्साहन गरिने छ।
- विहादी गाउँपालिकालाइ पुर्ण सरसफाइयुक्त र बालमैत्री पालिका घोषणा कार्यक्रमलाइ निरन्तरता दिइने छ।

**पुर्वधार विकास:**

- पालिका तथा वडास्तरिय गौरवका योजनाहरुलाइ यसै आर्थिक वर्षभित्र सञ्चालन गरिनेछ।
- कृषि, खानेपानी, तथा सरसफाई, गरिवी न्युनिकरण, साना सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाई, रोजगारमुलक उद्यमको विकास, वस्तिसम्म सडक विस्तार तथा स्तरोन्नतीकरण लगायत पर्यटन प्रवर्द्धन कार्यक्रमहरुमा साझेदारी निति अवलम्वन गदै पुर्वाधार विकासलाई जोड दिईनेछ।
- गाउँपालिकाको कार्यालय र वडा कार्यालय जोड्ने गाउँपालिका स्तरिय सडकमा वर्षैभरी यातायात संचालन गर्न सडकको स्तरोन्नती लाई प्राथामिकता दिईनेछ।
- खरको छाना भएका घरहरुलाई जस्ता पाता द्वारा विस्थापन गरिनेछ।
- सवै वडामा काठको विद्युतिय पोलहरलाइ फलामे पोल द्वारा विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- एक घर एक धारा खानेपानी कार्यक्रमलाई प्रभावकारी बनाउन नयाँ स्रोतहरुको पहिचान तथा लिफ्टिङ्ग विधिबाट आधारभुत खानेपानी नपुगेको स्थानमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तता दिइनेछ, साथै पुराना आयोजनाहरुको मर्मत र सुधार गरिने छ।
- विद्युत तथा वैकल्पिक उर्जाको उत्पादन र उपभोग बढाउन जोड दिइनेछ। यस गाउँपालिकामा निर्माणधिन जलविद्युत आयोजना तोकिएको समयमा सम्पन्न गराउन आवश्यक सहयोग, सहजीकरण र समवन्य गरिनेछ।
- युवा तथा किशोर किशोरीहरुलाई खेलको माध्यमबाट समुदायमा अनुशासन र स्वस्थ आनीवानीको विकास गर्न एक वडा एक खेल मैदान कार्यक्रमलाई निरन्तरता दिदै ,गाउँपालिका स्तरिय इमिचौर, दुर्लाङ्ग लगायतका खेल मैदानलाई स्तरोन्नती गर्दै लगिनेछ।
- जनसहभागिता जुट्ने योजनालाई प्राथामिकतामा राखि बजेट विनियोजन गरिनेछ।

- नागरिकको आवश्यकता, विकासको अवस्था र श्रोतको उपलब्धता बिच तादाम्यता कायम गर्न आवधिक योजनाको निर्माण गरिनेछ ।
- कालिगण्डकी जलाशययुक्त बहुउद्देश्यीय परियोजना निर्माणका लागी छिमेकी स्थानिय तह, प्रदेश सरकार र संघिय सरकार सँग समन्वय गरिनेछ । साथै यसै आ.व.मा DPR को लागि बजेट बिनियोजन गरेकोमा संघीय सरकारलाई धन्यवाद दिन चाहन्छु
- कृषि उत्पादनमा वृद्धि गर्न कालिगण्डकी लिफ्ट सिंचाइ आयोजनाको सम्भाब्यता अध्ययन गरिनुको साथै सिंचाई नहर, कुलाहरु र टंकीहरुको निर्माण कार्यलाइ प्राथमिकताको साथ अगाडी बढाइनेछ ।
- भुकम्पबाट क्षति भएका भौतिक संरचना निर्माणका लागी आवश्यक पहल गरिनेछ । आफ्नै लगानीमा निर्माण हुने भौतिक संरचना पनि भुकम्प प्रतिरोधि बनाउन प्राविधिक सहयोग प्रदान गरिनेछ ।
- भेडाबारी सल्यान, भतेरपाटा, गेम्रांग , चिउरीखाल्टा, शिवपुरीधाम हुदै डुडखोला पर्यटकीय सडकको सम्भाव्यता अध्ययनलाई अगाडी बढाईनेछ ।
- साना तथा मझौला घरेलु उद्योगको स्तरोन्नती गर्नुको साथै उत्पादन वृद्धि, रोजगारी सृजना तथा गरिवी निवारणको लागी बिहादी २ वर्राचौरमा निर्माणधिन औधोगिक ग्रामको लागी पुर्वाधार विकास योजनालाई प्रदेश सरकार र संघीय सरकार संग समवन्य गरी तिव्रताका साथ अगाडी बढाइनेछ ।
- गाउँ कार्यपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई तिव्रता दिइनेछ । भवन नभएका वडा कार्यालयमा क्रमश: भवन निर्माण गरिदै लगिने छ ।
- बाढी पहिरो र विपदमा परेका परिवारलाई आवश्यक राहत उपलब्ध गराइनेछ साथै संघ र प्रदेश सँग समन्वय गरी पुनश्चापना कार्यलाइ अगाडी बढाउन पहल गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन :**

- हरियाली प्रर्वद्धन, प्राकृतिक स्वच्छता तथा सुन्दरता कायम गर्ने कार्यलाई प्राथामिकता दिइनेछ । विकास निर्माण कार्य संचालन गर्दा दिगो विकास तथा हरित विकास निती अवलम्वन गरिनेछ ।
- पहिरो, बाढि तथा नदि नियन्त्रणका लागि बृक्षारोपण, ग्याविन, तटबन्ध निर्माण लगायतका कार्यहरुमा जोड दिइने छ ।
- चरिचरण व्यवस्थापन, डढेलो तथा प्रकोप नियन्त्रणका लागी वन संरक्षण सम्बन्धी जनचेतना अभिवृद्धीका कार्यक्रम बनाई लागु गरिनुका साथै जलवायु अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका स्तरिय विपद प्रतिकार्य योजना तयार गरी लागु गरिनेछ । विपद व्यवस्थापन कोषलाई ब्यवस्थित बनाइ प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- विपद तथा प्रकोप प्रभावितहरुलाई तत्काल उद्धारका लागी दुर्त प्रतिकार्य समुह (RRT) परिचालन गरिनेछ ।
- पुर्ण सरसफाई युक्त गाँउपालिका घोषणाका लागी आवश्यक पुर्वधारका कार्यक्रमहरु संचालनमा जोड दिइनेछ ।
- नयाँ निर्माण हुने सडक किनारा तथा खाली सार्वजनिक स्थानहरुमा बोटविरुवा एवम् फलफुल रोपि पर्यटनलाई आकर्षित गरिनेछ ।
- प्रकोप जोखिम तथा विपदको घटनाको असरलाई कम गर्न अल्पिकरण, पुर्व तयारी, सचेतना अभिवृद्धिका उपायहरुलाई प्रभावकारी ढंगले अगाडी बढाईनेछ ।

**सुशासन तथा संस्थागत विकास :**

- सार्वजनिक सेवालाइ उत्तरदायी पारदर्शी र सरलीकृत बनाइनुका साथै सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्वनलाइ संस्थागत गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरमा डिजिटल नागरिक वडापत्र को व्यवस्था गरिनेछ । जनताको वढदो आकंक्षालाई सम्मान गर्दै मितव्ययी ढंगले विधिसम्मत शासन संचालन गरिनेछ ।
- सेवा प्रवाहमा कार्यालय भवनको अभावमा असहजता भएकोले गाउँपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण गर्न सवै प्रक्रिया पुरा भएकोले यसै वर्ष निर्माण कार्य सुरु गरिनेछ ।
- संविधान प्रदत्त मौलिकहकहरु सुनिश्चित गर्ने नीति तय गरिने छ । सार्वजनिक सुनुवाईलाई थप व्यवस्थीत एवं वडागत र योजनागत रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- सामाजिक मेलमिलापको माध्ययमवाट एक आपसमा सामाजिक सदाचार र पूर्ण सम्मानको महसुस हुने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका भित्र परेका उजुरीहरुको क्षेत्राधिकार भित्र रही न्यायिक समितिबाट समाधान गर्ने परिपाटिलाइ ब्यवस्थित गरिनेछ। न्याय सम्पादनमा संलग्न व्यक्तिहरुको क्षमतामा अभिबृधि गरिनेछ।
- बालमैत्री स्थानीय शासनमा जोड दिनुका साथै सेवा प्रवाहमा वालबालिका जेष्ठ नागरिक पिछडिएका समुदाय तथा फरक क्षमता भएका व्यक्तिहरुलाई विशेष ग्राहयता दिइनेछ । वडा नं २ बराचौरलाई कोभिड-१९ ;संक्रमणको कारणले बालमैत्री वडा घोषणा गर्ने कार्य सम्पन्न गर्न नसकिएकोले यसै आ.व.मा आवश्यक सूचकहरु पुरा गरि घोषणा गरिनेछ भने अन्य वार्डहरुमा पनि यस कार्यक्रमलाई क्रमश: विस्तार गरिनेछ।
- सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणालिबाट वितरण गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ।
- स्थानीय सरकारले कुनै पनि स्वरुपको भ्रष्टाचारलाई सहन नसक्ने भएकोले भ्रष्टाचार जन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुति गरिनेछ।
- सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत छिटो छरितो, मितब्ययी, पारदर्शी र प्रभावकारी रुपमा सेवा र सुविधाहरु सर्बसुलभ रुपमा उपलव्ध गराउँदै लगिनेछ, जसले गर्दा प्रशासनिक लागत न्यूनीकरण, सेवा प्रवाहमा सुधार, पारदर्शीता एवं जवाफदेहिता कायम एवं अनियमितता नियन्त्रण हुने विश्वास लिइएको छ।
- सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्बनलाई निरन्तरता दिँदै सजिलै चौविसै घन्टा सरोकारवाला सबैले ईलेक्ट्रोनिक ढाँचामा सुचना, तथ्याङ्क विवरण प्राप्त गर्न सक्ने व्यवस्था मिलाईनेछ।
- आम जनताको सुचनामा पहुँच स्थापित गर्न गाउँपालिकाको मोबाइल एस.एम.एसमोवाईल एप्स को निर्माण गरि /. सूचना प्रवाह प्रभाबकारी गराइनेछ।
- स्थानीय संचार माध्यमलाई प्रोत्साहन गर्दै समग्र संचार माध्यमहरुसंग समन्वय गरि सूचना प्रवाहलाई प्रभाबकारी बनाइनेछ ।
- बजार व्यवस्थापन तथा व्यवसाय प्रवर्द्धनक लागि आवश्यक पूर्वाधार तयारीमा घरेलु उधोग, कालाबजारी नियन्त्रणमा जोड दिइनेछ । गाउँपालिका भित्र हाटबजार व्यवस्थापन अत्यावश्यक बस्तु तथा सेवाको उपलब्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षीय प्रतिनिधि सम्मिलित समिति गठन गरि अनुगमन र नियमन कार्यलाई प्रभावकारी गरिनेछ।
- गाँउपालिकाको श्रोतको अनुमान ,परिचालन र उपभोगमा नागरिक सहभागिताको प्रवर्धन गर्दै बजेटको प्रभाबकारी र पारदर्शी रुपमा प्रतिफलयुक्त कार्यान्वन गरिनेछ । योजना कार्यान्वयनमा चुस्तता कायम गर्न प्रविधीको अधिकतम प्रयोगमा जोड दिईनेछ।
- प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ। कर अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउदै लगिनेछ।

अन्त्यमा,

विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट सृजित असहज परिस्थितिका कारण आर्थिक वर्ष २०७६/७७ मा प्रस्तुत गरेका निति तथा कार्यक्रम र बजेटलाइ सहज र सुलभ तरिकाबाट कार्यान्वयन गर्न नसकिएको यथार्थता मनन् गर्दै थाति रहेका लगायत थप नयाँ कार्यक्रमहरुलाई आगामि दिनहरुमा प्रभावकारी रुपमा सम्पन्न गर्ने दृढ संकल्पका साथ हालको संक्रमण लाई परास्त गरि सम्बृद्ध र सुखि विहादीको परिकल्पना सकार पार्न हामी सवैको साझा सहमति, सहकार्य र एकताबाट गन्तब्यमा पुग्न सम्भव हुन्छ भन्ने कुरामा पुर्ण विश्वास गरेको छु।

**आदरणीय सदस्य ज्यूहरु,**

यस गरिमामय सभामा प्रस्तुत गरिए बमोजिमका अपेक्षित उपलब्धि हासिल गर्न सम्पुर्ण सदस्य ज्युहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, शिक्षक, सुरक्षाकर्मी, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, पत्रकार लगायत आम बिहादीबासीहरुको अमुल्य सहयोग तथा सहभागिताले मात्र सम्भब हुने कुरा अवगत नै छ। तसर्थ यस गाउँपालिका भित्र संचालन हुने हरेक क्रियाकलापहरुमा यहाँहरु सबैको सार्थक सहभागिताबाट सुन्दर र समुन्नत विहादी बनाउने अपेक्षा सहित यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु, धन्यवाद।

कमलप्रसाद भुसाल
अध्यक्ष